# प्रभु बैंक लिमिटेडले शैक्षिक कर्जा उपलब्ध गराउने सम्बन्धी प्रेश विज्ञप्ती :

आज मिति२०७३ भाद्र ०६ गतेका दिन प्रभु बैंक लिमिटेड र काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १४ कालिमाटी स्थित काठमाण्डौ ईञ्जिनियरिङ्ग कलेज (KEC) का बिच काठमाण्डौ ईञ्जिनियरिङ्ग कलेजमा स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई शैक्षिक कर्जा उपलब्ध गराउने सम्बन्धी सम्झौता सम्पन्न भयो । उक्त सम्झौतामा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री अशोक शेरचन र काठमाण्डौ ईञ्जिनियरिङ्ग कलेजका तर्फबाट प्रबन्ध निर्देशक श्री राजेन्द्र शाक्यले हस्ताक्षर गर्नुभयो । बैंक र कलेज बिच सम्पन्न द्विपक्षीय सम्झौता बमोजिम काठमाण्डौ ईञ्जिनियरिङ्ग कलेजमा ईञ्जिनियरिङ्ग संकाय अन्तर्गत स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुले बैंकबाट अधिकतम् रु. ३,००,०००।- (तीन लाख रुपैयाँ) सम्मको शैक्षिक कर्जा सरल रुपमा उपभोग गर्न सक्नेछन् ।

सम्झौता अनुसार प्रति विद्यार्थी अधिकतम् रु. ३ लाख रुपैयाँ सम्मकर्जा उपभोग गर्न पाउने यस कर्जा स्कीम अन्तर्गत कर्जा उपभोग गर्न चाहने विद्यार्थीले आफ्ना एस. एल. सि. देखिकासबै सक्कल शैक्षिक प्रमाण पत्रहरु बैंकमा बुझाउनु पर्नेछ । शैक्षिक प्रमाण पत्रको आधारमा उपलब्ध गराईने शैक्षिक कर्जा बैंकले उपलब्ध गराएको भुक्तानी तालिका अनुसार ४ वर्ष भित्र चुक्ता भुक्तान गरी सम्बन्धित विद्यार्थीले सक्कल शैक्षिक प्रमाण पत्रहरु फिर्ता लैजान सक्नेछन् ।

उच्च शिक्षा हासिल गर्नको लागि विदेश जान चाहने नेपाली विद्यार्थीहरुलाई आवश्यक पर्ने सम्पूर्ण बैंकिङ्ग सेवा आफ्ना सबै शाखा कार्यालयहरुबाट प्राथमिकताका साथ उपलब्ध गराउँदै आएको प्रभु बैंकले स्वदेशमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुको आर्थिक कठिनाईलाई मध्येनजर गरी शैक्षिक कर्जा स्किम सञ्चालनमा ल्याएको छ । बैंकले शुरुआत गरेको शैक्षिककर्जा स्कीमबाट आर्थिक अभावका कारण उच्च शिक्षा हासिल गर्न कठिनाई महशुस गर्नु भएका विद्यार्थीहरुलाई अधिकतम् लाभ पुग्ने बैंकले विश्वास लिएको छ ।

धन्यवाद!

**मिति : २०७३/०५/०६**